# राष्ट्रिय बाघ संरक्षण समिति, नेपाल
## प्रेस विज्ञप्ती

राष्ट्रिय बाघ संरक्षण समिति, नेपालको सातौ बैठक यही मिति २०७८ आषाढ २६ गतेका दिन सम्माननीय प्रधानमन्त्री श्री के. पी. शर्मा ओलीज्यूको अध्यक्षतामा सम्पन्न भएको छ। बाघ संरक्षणका लागि कानूनी व्यवस्थामा सुदृढिकरण गर्न, चोरी शिकार र अवैध व्यापार नियन्त्रण गरी बाघ लोप हुनबाट बचाई संरक्षण, व्यवस्थापन गर्न, बाघ संरक्षण सम्बन्धि विषयमा नेपाल सरकारलाई नीतिगत मार्ग दर्शन र राय सल्लाह दिन बिभिन्न सरोकारवाला निकायहरु बीच समन्वय गरी प्रभावकारी व्यवस्थापनका लागि गृह मन्त्रालय, अर्थ मन्त्रालय, रक्षा मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र वन तथा वातावरण मन्त्रालयका माननिय मन्त्रीज्यूहरु, नेपाल सरकारका मुख्य सचिवज्यू, सम्बन्धित विषयका विज्ञ सदस्य र वन तथा वातावरण मन्त्रालयका सचिवज्यू सहितको समितिको व्यवस्था गरिएको हो ।

नेपालमा करिब २३५ संख्याको बाघ प्रजाति संरक्षित वन्यजन्तुको रुपमा रहेको, संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धि (साइटिस) को अनुसूची १ मा परेको र विश्व संरक्षण संघको खतरामा परेका वन्यजन्तुको सूचीमा संकटापन्न अवस्थामा पुगिसकेको दुर्लभ प्रजाति हो । यो प्रजाति नेपालमा तराई तथा चुरे क्षेत्रको प्राकृतिक वन तथा पर्यावरण प्रणालीको महत्वपुर्ण वन्यजन्तु हो जसको संरक्षण र व्यवस्थापनका लागि गरिने हरेक प्रयासहरुले जैविक विविधता संरक्षणलाई समग्रतामा योगदान पुर्याईरहेको हुन्छ ।

वि.स. २०६७ सालमा समितिको गठन पश्चात मिति २०६७ श्रावण १६ मा पहिलो बैठक सम्पन्न भएको थियो भने तत्पश्चात प्रत्येक बर्ष बैठक आयोजना गरी वि.स. २०७३ सम्म छैठौ बैठक सम्पन्न भएको थियो । विगतका बैठकहरुको धेरैजसो निर्णयहरु कार्यान्वयन भईसकेको अवस्था छ भने बाघ संरक्षण विशेष कार्यक्रमको निरन्तरता दिने र वन्यजन्तु विशेष अदालत गठनका लागि पहल गर्ने निर्णयहरु अझै कार्यान्वयनको क्रममा रहेको छ। समितिको सातौं बैठक महत्पुर्ण निर्णयका साथ ५ बर्षपछि सम्पन्न भएको छ ।

सातौ बैठकले सन २०१० मा रसियाको सेन्ट पिटर्सबर्गमा भएको विश्व बाघ सम्मेलनको क्रममा नेपालको प्रतिवद्धता र सो अनुरुप बाघ संरक्षणमा नेपालले गरेका प्रयास र उपलब्धि वारेमा छलफल गर्दै आगामी दिनमा बाघ संरक्षण विशेष कार्यक्रमलाई पुनः निरन्तरता दिई थप स्रोत जुटाउने, मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण गर्ने, वन्यजन्तु अस्पताल तथा उद्धार केन्द्र स्थापना तथा सञ्चालन गर्ने, वासस्थानको विस्तार गर्ने आवश्यक तयारी गर्ने, वन्यजन्तुमैत्री भौतिक पूर्वाधार निर्माण सम्बन्धी निर्देशिका स्विकृतिका लागि पेश गर्ने, वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ लाई संशोधन गरी सबै डिभिजन वन कार्यालय र सबै संरक्षित क्षेत्र कार्यालयहरु मार्फत ७७ वटै जिल्लाहरुमा राहत वितरण गर्ने लगायतका महत्वपूर्ण निर्णयहरु गरेको छ ।

बैठकका अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्रीज्यूबाट बाघ तथा अन्य प्रजातिको बासस्थान क्षेत्रफल र क्षमताको साथै आर्थिक सामाजिक परिवेश अनुसार वन्यजन्तुको व्यवस्थापन गर्न, बाघ संरक्षणमा नेपालले गरेका प्रयास एवं हासिल उपलब्धीहरुलाई द्विपक्षिय, क्षेत्रीय संयन्त्र, सभा, सम्मेलनहरुमा शसक्त रुपले उठाई संरक्षणमा स्रोत जुटाउन र स्रोत परिचालनका लागि सबै सरोकारवालाहरुबाट पहल गर्न निर्देशन दिनुभएको थियो । अन्तमा बाघ संरक्षणमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संलग्न र सहभागी संघ संस्था तथा व्यक्तिप्रति समिति हार्दिक आभार व्यक्त गर्दछ ।

७८/३/२६

डा. पेम नारायण कँडेल, सचिव, वन तथा वातावरण मन्त्रालय एवं
सदस्य सचिव, राष्ट्रिय बाघ संरक्षण समिति, नेपाल